लोक सेवा आयोग

# निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, छैटौं, सहायक अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१६

पत्र : द्वितीय
समय : ३ घण्टा　　　　पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क"　　　　६० अङ्क

१. विद्युतीय शासन (e-governance) को प्रयोगले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन के-कसरी सहयोग पुऱ्याउँछ? नेपालमा विद्युतीय माध्यमबाट प्रवाह भएका सार्वजनिक सेवाहरूको सन्दर्भसहित विश्लेषण गर्नुहोस् ।　　१०

२. असल व्यवथापकमा हुनुपर्ने प्रमुख गुणहरू वर्णन गर्दै यस्ता गुणहरू मापन गर्ने विधि र प्रक्रिया चर्चा गर्नुहोस् ।　　५+५=१०

३. रणनीतिक व्यवस्थापन (Strategic Management) को अवधारणा चर्चा गर्दै निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रशासनमा यसको प्रयोग के-कसरी हुन सक्छ? उदाहरणसहित स्पष्ट पार्नुहोस् ।　　४+६=१०

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायहरूको दायित्व प्रस्तुत गर्नुहोस् । साथै, सूचनाको संरक्षण सम्बन्धमा ऐनमा भएको व्यवस्था उल्लेख गर्नुहोस् ।　　५+५=१०

५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम सूचक संस्थाले कुन कुन कार्य गर्दा ग्राहकको पहिचान (Know Your Customer - KYC) गर्नुपर्दछ? त्यस्ता संस्थाले आफ्ना ग्राहकको सही रूपमा पहिचान तथा सोको सम्पुष्टि गर्न अपनाउनुपर्ने उपायहरू सुझाउनुहोस् ।　　५+५=१०

६. निक्षेप तथा कर्जा सुरक्षण कोषको पूँजी संरचना प्रस्तुत गर्दै यसको कार्यक्षेत्र वर्णन गर्नुहोस् ।　　४+६=१०

### खण्ड "ख"　　　　४० अङ्क

७. व्यवस्थापन लेखा प्रणालीको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नुहोस् । नेपालका आयोजना व्यवस्थापनमा यसको प्रयोग कसरी भएको छ? स्पष्ट गर्नुहोस् ।　　५+५=१०

८. नेपालका सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखा परीक्षण सम्बन्धमा भएका व्यवस्थाहरूको चर्चा गर्नुहोस् ।　　१०

९. वित्तीय विवरण विश्लेषण (Financial Statement Analysis) गर्ने विभिन्न विधि तथा औजारहरू (Methods and Tools) को संक्षेपमा चर्चा गर्दै एउटा वित्तीय संस्थाको शेयरधनीका लागि यसको महत्त्व दर्शाउनुहोस् ।　　७+३=१०

१०. वित्तीय स्थिरता (Financial Stability) भन्नाले के बुझिन्छ? स्पष्ट गर्दै यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । साथै, वित्तीय स्थिरता कायम गर्न नेपाल राष्ट्र बैंकले खेल्दै आएको भूमिकाको चर्चा गर्नुहोस् ।　　२+३+५=१०

:: समाप्त ::